**नेपाल राष्ट्र बैंक**
*वित्त कम्पनी सुपरिवेक्षण विभाग*

**केन्द्रीय कार्यालय**
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

# नेपाल फाइनान्स लि., कमलादी, काठमाडौंलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

नेपाल फाइनान्स लिमिटेड कमलादी, काठमाडौंको २०७० पुस मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा यस बैंकवाट गरिएको समष्टिगत स्थलगत निरीक्षण प्रतिवदेन अनुसार सुपरिवेक्षकीय समायोजन पश्चात पुंजीकोष ४.३६ प्रतिशतले ऋणात्मक रहेको, निष्कृय कर्जा ५४.१८ प्रतिशत रहेको, २०७० असार मसान्तमा रु. २२ करोड चुक्ता पुंजी पुऱ्याउनु पर्नेमा रु. १३ करोड ५८ लाख मात्र रहेको, संस्थाका संस्थापक एवम् विगतमा लामो समयसम्म कार्यकारी प्रमुख रहेका रविचन्द्रमान प्रधान, निजको परिवार र निजसँग सम्बन्धित व्यक्ति तथा संस्थाको नाममा ३६ प्रतिशतभन्दा बढी शेयर स्वामित्व रहेको, एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई यस बैंकको निर्देशन विपरीत प्राथमिक पुंजीको २५ प्रतिशतभन्दा बढी कर्जा प्रवाह गरेको, यस बैंकको निर्देशन विपरीत उक्त संस्थाको शेयरमा प्रचलित कानून बमोजिम स्थापित सहकारी संस्थाको संस्थागत रुपमा लगानी रहेको लगायत गंभीर प्रकृतिका कैफियतहरु देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा किन नगर्ने भनी मिति २०७१/३/२७ मा स्पष्टीकरण सोधिएकोमा उक्त संस्थावाट प्राप्त प्रत्युत्तर चित्तबुझ्दो र सन्तोषजनक नदेखिएको हुनाले निक्षेपकर्ता, सर्वसाधारण लगानीकर्ता एवं सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षणका लागि नेपाल फाइनान्स लिमिटेड कमलादी, काठमाण्डौंलाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही तथा नेपाल राष्ट्र बैक ऐन, २०५८ को दफा ८६ख. बमोजिम संस्थालाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग. अनुसार ६ महिना भित्र निम्नानुसारको कार्य गर्न निर्देशन दिइएको व्यहोरा सर्वसाधारण जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्देशनहरु**

क. यस बैंकको निर्देशन बमोजिम चुक्ता पुंजी तथा पुंजीकोष अनुपात कायम गर्न ।
ख. थप निक्षेप संकलन नगर्न तथा परिपक्व भएका निक्षेपहरु नवीकरण नगर्न ।
ग. थप कर्जा तथा जमानत प्रदान नगर्न ।
घ. भाखा/म्याद पुगेका एवम् फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न । तर, दुई लाखभन्दा बढी निक्षेप वा दायित्व रकम भुक्तानी गर्दा यस बैंकको स्वीकृति लिन ।
ङ. नयाँ शाखा नखोल्न ।
च. यस बैंकको स्वीकृति विना स्थिर सम्पत्ति खरिद तथा विक्री नगर्न ।
छ. संचालकको भत्ता तथा सुविधा एवं कर्मचारीहरुको तलव भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि नगर्न ।
ज. यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना नगर्न तथा साविक कर्मचारी बढुवा नगर्न ।
झ. निष्कृय कर्जाको अनुपात ५ प्रतिशतभन्दा कम गर्न ।
ञ. लाभांश घोषणा वा वितरण नगर्न ।
ट. संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन ।
ठ. हरहिसाव तथा श्रेस्ता दुरुस्त राखी यस बैंकलाई सही तथ्य अद्यावधिक जानकारी नियमित रुपमा उपलब्ध गराउन ।